Gov. Reg.No 149/053/054

Estd. 1988 A.D. (2045 B.S.)

नेपाल मानव अधिकार संगठन

HUMAN RIGHTS ORGANISATION OF NEPAL

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं

Central Office, Anamnagar, Kathmandu

मिति- २०७५ /४/१३

# प्रेस विज्ञप्ती

## वलात्कारीलाई अविलम्व कारवाही होस

कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका -२ उल्टाखाम निवासी स्थानिय सरस्वती उच्च माविमा कक्षा ९ मा अध्ययनरत १३ वर्षीय निर्मला पन्त, २०७५ साउन १० गते दिउसो २.०० वजे हराएकी र शुक्रवार विहान भिमदत्त नरपालिका वडा नं २ र १८ को सिमानमा उनी मृत अवस्थामा भेटिएको एवं यो घटनामा सम्पूर्ण प्रशासनिक प्रकियमा भएको ढिलाई प्रति संगठनको गंभिर ध्यानाकर्षण भएको छ ।

निर्मलाकी आमा दुर्गाले आफ्नी छोरी हराएको विषयमा विहिवारै ५.०० वजे स्थानिय प्रहरीलाई खवर गरेकीमा राति १०.०० वजेसम्म पनि प्रहरी प्रशासनले चासो नदेखाएको पाईएको छ । आम सार्वसाधारण र प्रहरी प्रशासनले पनि निमर्लाको वलात्कार पछि हत्या भएको आसङ्का गरेका छन् , अपराधिलाई अविलम्व पकाउ गर्न माग गर्दै सर्वसाधरण एवं नागरिक समाज आन्दोलनमा उत्रेका छन् ।

सामान्यतया प्रहरीले राजनैतिक नेत्रित्व, प्रशासन एवं अपराधिको दावावमा परी अपराधीलाई उन्मुक्ती दिन्छन भन्ने धारणा सवैमा व्यप्त छ । मेघावी छात्र निर्मलालाई वलात्कार र हत्या गरी अपराधिले गंभिर मानव अधिकार उल्लंघन एव अपराध गरेको हुँदा अविलम्व अपराधि पकाउ गरी कडा भन्दा कडा कारवाही गर्न संगठन माग गर्दछ । साथै, कुनै प्रलोभनमा नपर्न प्रहरी प्रशासनलाई र अपराधि वचाउन दवाव नदिन राजनीतिक नेत्रृत्व समक्ष संगठन जोडदार आग्रहसमेत गर्दछ ।

महामुनीश्वर आचार्य
महाँसचिव

P.O. Box 5424, Anamnagar, Kathmandu, Nepal, **Tel :** +977-1-4269948, **Fax :** +977-1-4229949
**E-mail :** huron.nepal@gmail.com, **Website :** www.huronnepal.org.np